नेपाल सरकार
गृह-मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल
नं.७ गण हे.क्वा.सिरहन

## पुराना सवारी साधन तथा जिन्सी मालसामानहरु लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आहानको सूचना

**सूचना नं.-१/(०८१।०८२)**

**प्रथम पटक प्रकाशित मिति २०८१।११।१८ गते ।**

यस कार्यालयको जिन्सी आम्दानीमा रहेका निम्नानुसारका सवारी साधन तथा जिन्सी मालसामानहरु जे-जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्नलिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः-**

| क्र.सं. | सामानहरुको बिवरण | परिमाण | न्यूनतम मूल्य (मु.अ.कर बाहेक) | कै. |
|---|---|---|---|---|
| १. | टाटा टेल्को डबल क्याव | १ | रु. ८५,३२७.५५ | |
| २. | यामाहा ग्लाडियटर मो.सा. | १ | रु. ६,७३५।- | |
| ३. | अन्य जिन्सी मालसामानहरु | १ | रु. ८,१४८.७ | |
| | जम्मा | | रु.१,००२११.२५ | |

**शर्तहरुः-**

१. ईच्छुक बोलपत्रदाताले बोलपत्र सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन मिति २०८१।११।२४गते कार्यालय समय भित्र को.ले.नि.का.सिरहाको राष्ट्रिय बाणिज्य बैंक सिरहमा रहेको धरौटी खाता नं.२१३०१००१०२०३०००० मा रु.१००० दाखिला फाराम दस्तुर भरी सोको सक्कलै भौचर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र ८ औं दिनको मिति २०८१।११।२५ गते दिनको ११:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदां पर्न गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिनमा सोही समय अवधिमा दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर बोलपत्रको सूचना नम्बर, मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेखुपर्नेछ ।
३. ८ औं दिनको ११:०० बजे सम्म दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको १३:०० बजे यसै कार्यालयमा बोलपत्र दाता वा निजका प्रतिनिधिहरुका रोहवरमा खोलिने छ । बोलपत्र दाताहरु वा निजका प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रमा बोलपत्रदाता ब्यक्ति वा फर्मले नेपाली नागरिकता, फर्म दर्ता, कर दर्ता र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि पुरा नाम थर र ठेगाना लेंखी फर्मको आधिकारीक सही छाप गरी निवेदन पेश गरेको हुन पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्र दाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखि पेश गरेको बोलपत्र मान्य हुने छैन ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
७. बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकममा नघटाई को.ले.नि.का.सिरहाको राष्ट्रिय बाणिज्य बैंक सिरहमा रहेको धरौटी खाता नं. २१३०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा नब्बे दिन मान्य अवधिको कुनै राष्ट्रिय बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।
८. उल्लेखित सामानहरु हेर्न वा थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२१२६,९८६२८०७१६७ मा सम्पर्क राख्न सकिनेछ ।
९. यसमा उल्लेख भए देखि अन्य कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

(नरेश भण्डारी)
सशस्त्र प्रहरी उपरीक्षक
गणपति